**नेपाली राजदूतावास**

सिओल, कोरिया

## आर्थिक वर्ष २०७०/७१ को वार्षिक कार्यप्रगति विवरण

गत विगत वर्षहरुमा जस्तै यस वर्ष पनि दक्षिण कोरियास्थित नेपाली राजदूतावास नेपाल र कोरिया बीचको बहुपक्षीय र बहुआयामिक सम्वन्धहरुलाई अझ परिस्कृत, परिमार्जित र सुदृढ गर्दै आपसी हित प्रवर्द्धन गर्ने कार्यमा उपलब्ध सिमित श्रोत र साधनलाई अधिकतम रुपमा परिचालित गर्दै नियोग स्थापनाको उद्धेश्य प्राप्तिमा अनवरत रुपमा कृयाशिल रहिआएको छ । नेपाललाई कोरियामा प्रवर्द्धन गर्ने कार्यमा प्राप्त भएसम्मका अवसरहरुलाई उपयोग गर्दै राष्ट्को लागि अधिकतम लाभ लिन प्रयत्नहरु गरिएका छन् ।

यो वर्ष नेपाल र कोरियाबीचको दौत्य सम्वन्ध स्थापनाको चालिसौं वर्ष भएकोले वार्षिकोत्सवलाई विभिन्न कार्यक्रमहरु सहित भब्यरुपमा मनाईएकोले दुई मुलुकबीचको बहुआयामिक सहयोगात्मक सम्वन्धलाई अझ उचाई थप्ने कार्यमा सफलता प्राप्त भएको हुंदा विशेष स्मरण योग्य समेत हुन गएको छ ।

कोरियामा नेपालीहरुको संख्यात्मक उपस्थितिको बृद्धिसंगै पेशा, व्यवशाय र वाणिज्यको जनस्तरमा हुने सम्वन्धहरु अझ विस्तार हुन गएका छन् । नेपाली नागरिकहरुका आपसी हीत प्रवर्द्धनको उद्धेश्य लिएर स्थापित भएका संघसंस्थाहरुले समेत आ-आफ्नो स्थानबाट नेपाललाई प्रवर्द्धन गर्ने कार्यमा उपलब्ध सवै अवसरहरुलाई अधिकतम प्रयोग गरिआएका छन् । कतिपय सामाजिक तथा हितमुलक कार्यहरु नेपाली राजदूतावास र नेपालीहरुको संस्थाहरुसंग हातेमालो गरी सम्पन्न गरिएका छन् । यस प्रकारका आपसी सहयोगात्मक कार्यहरुले नेपाली दूतावास र सामाजिक संस्थाहरुबीचको भावनात्म र कार्यगत सम्वन्धहरुमा अभिबृद्धि हुनगई नेपालीहरुको हीतका लागि काम गर्न सहज भएको छ ।

सन् २०१५ को नोभेम्बरबाट हाल प्रचलनमा रहेको हस्तलिखित नेपाली राहदानीलाई पूर्णरुपमा विस्थापित गरी मेसिन रिडेवल राहदानी (MRP) प्रचलनमा ल्याई सक्नु पर्ने बाध्यात्मक अवस्था रहेको र धेरै नेपालीहरुको हातमा हस्तलिखित राहदानी नै रहेकोस्थितिलाई मनन् गर्दै नेपाली राजदूतावासले घुम्ति शिवीरहरु सञ्चालन गर्दै आईरहेको छ । यसरी संचालन गरिने घुम्ति शिवीरहरुबाट धेरै नेपालीहरु लाभान्वित भएका छन् । यो क्रमलाई दूतावासले जारी नै राख्ने सोच बनाएको छ । घुम्ति शिवीरहरु संञ्चालनमा गैरआवासीय नेपाली संघ र स्थानीय नेपाली संघसंस्थाका प्रतिनिधिहरुबाट प्राप्त सहयोग र सहकार्यको प्रशंसा गर्दै आगामी दिनहरुमा पनि यस किसिमको सहयोगको अपेक्षा गरिएको छ ।

यस अवधिमा नेपाललाई माया गर्ने सुभेच्छुक र सहृदयी कोरियन लगायत अन्य विदेशी मित्रहरुबाट प्राप्त सहयोग र सदभावले नियोगको कार्य प्रगति र नेपाल र कोरियाबीचको सम्वन्ध विस्तारमा उल्लेखनीय भुमिका खेलेको छ । सहृदयी मित्रहरुबाट देखाईएको सद्भाव र मित्रताको लागि नेपाली राजदूतावास आभार व्यक्त गर्दछ र यस किसिमको सहयोग र सदभावको निरन्तरताको लागि अपेक्षा राख्दछ ।

## यस आर्थिक वर्षमा सम्पन्न कार्यहरुः

**द्विपक्षीय सम्वन्धः**

**नेपाल र कोरिया सरकारको परराष्ट्र मन्त्रालयहरुबीचको आपसी परामर्श संयन्त्रको बैठक सम्पन्नः**

नेपाल र कोरिया सरकारहरुको दुई परराष्ट्र मन्त्रालयबीच स्थापित आपसी परामर्श संयन्त्रको बैठक सन् २००५ मा काठमाण्डौमा सम्पन्न भएकोमा त्यस यता लामो अन्तरालसम्म हुन सकेको थिएन । आपसी सहयोगका क्षेत्रहरुको पहिचान र पारस्परिक सहयोग विस्तार लगायत आपसी हितका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विषयहरुमा छलफल र विचार आदन प्रदानको लागि परामर्श संयन्त्रको बैठक महत्वपूर्ण हुन्छ । नेपालको विकास प्रयासमा कोरियाले पुऱ्याई आएको योगदान र नेपालको उद्योग, वाणिज्य, व्यापार, पर्यटन लगायत अन्य क्षेत्रहरुमा कोरियाली लगानी तथा तकनिकी सहयोगको सम्भावनाहरुलाई आकर्षण गर्न पनि यस किसिमको बैठकको महत्व रहेको थियो । नेपाल र कोरियाबीच कुटनीतिक सम्वन्ध स्थापना भएको चालिसौं वर्ष भएको र दूतावासले यस अवसरलाई वार्षिकोत्सवको रुपमा विभिन्न कार्यक्रम सहित मनाउने भएकोले पनि आपसी परामर्श संयन्त्रको बैठक जरुरी थियो ।

परराष्ट्र मन्त्रालयको उत्तरपूर्व एशीया महाशाखाको महाशाखा प्रमुख श्रीमती अम्विका देवी लुईटेल र कोरियाको परराष्ट्र मन्त्रालयको एशीया तथा प्रशान्त क्षेत्र महाशाखाका महानिर्देशक श्री सुह जेअङ ईनको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलबीच द्विपक्षीय वार्ता सम्पन्न भएको थियो । उक्त अवसरमा नेपालको शिक्षा, स्वास्थ्य, कृषि र उर्जा क्षेत्रको विकासमा सहयोगलाई निरन्तरता दिने कोरिया सरकारको नीति रहेको कुरा कोरियाली पक्षबाट जानकारी गराईएको थियो ।

**नेपालको परराष्ट्र मन्त्री माननीय महेन्द्रबहादुर पाण्डेबाट कोरियाको भ्रमणः**

सन् २००४ मा नेपाल र कोरियाबीच कुटनीतिक सम्वन्ध स्थापना भएको तीसौं वर्षको उपलक्ष्यमा कोरियाका परराष्ट्र उपमन्त्री श्री चो योङ जाईले नेपालको भ्रमण गर्नु भएको थियो । नेपालको तर्फबाट सन् २०१२ मा तत्कालिन आवास तथा भौतिक योजना मन्त्री हृदयस त्रिपाठीबाट कोरियाको भ्रमण भएको थियो । तर परराष्ट्र मन्त्रीको भ्रमण भने लामो सयम सम्म हुन सकेको थिएन । दुई पक्षीय आपसी सम्वन्धहरुको विकासमा उच्चस्तरीय भ्रमणको ठूलो महत्व रहने वास्तविकतालाई मनन् गर्दै र नेपाल र कोरियाबीच कुटनीतिक सम्वन्ध स्थापना भएको चालिसौं वर्षको वार्षिकोत्सवलाई नेपाल तथा कोरियाबीचको सम्वन्धहरुमा नयां गति र आयाम दिने उद्धेश्यले कोरियाको परराष्ट्रमन्त्री महामिहम श्री युन बुङ-सेको मैत्रिपूर्ण निमन्त्रणमा नेपालका परराष्ट्र मन्त्री माननीय श्री महेन्द्रबहादुर पाण्डेबाट एक पांच-दिवसीय कोरियाको औपचारिक भ्रमण सम्पन्न गरिएको छ । भ्रमणका अवसरमा दुई मुलुकका प्रतिनिधिमण्डलहरुबीच द्विपक्षीय वर्ता सम्पन्न भएको थियो । आगामी दिनहरुमा नेपाल र कोरियाबीचको आपसी सम्वन्धहरुको विविध आयामहरुलाई आपसी सहकार्य र सहयोगमार्फत निरन्तरता दिंदै गतिशील बनाउने दिशामा मार्ग निर्देशन गर्न यो भ्रमण सफल भएको छ । कोरिया सरकारले नेपालको विकास प्रयासमा साझेदारी गर्ने र कोरियाको निजी क्षेत्रलाई नेपालमा लगानीको सम्भाव्य क्षेत्रहरुमा लगानी बढाउन अभिप्रेरित गर्ने समेत भएको छ । नेपाल तथा कोरिया सरकार अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा समेत आपसी सहयोग प्रवर्द्धन गर्न र कोरिया सरकार क्षेत्रीय सहयोग संस्था सार्कको पर्यवेक्षक सदस्यको हैसियतमा विकास साझेदारको भुमिका प्रदान गर्न समेत सहमत भएका छन् ।

**नेपाल र कोरियाबीच कुटनीतिक सम्वन्ध स्थापनाको चालिसौं वार्षिकोत्सवः**

सन् १९७४ को मे १५ मा नेपाल र कोरियाबीच कुटनीतिक सम्वन्ध स्थापना भएकोमा यो वर्ष चालिसौं वर्ष पुगेको हुंदा यस अवसरलाई वार्षिकोत्सवको रुपमा विविध कार्यक्रमहरु गरी मनाउने राजदूतावासको निर्णय वमोजिम राजदूतावासले मे १५, २०१४ मा विशेष स्वागत कार्यक्रमको आयोजना गरी मनाईयो । उक्त स्वागत कार्यक्रममा कोरिया सरकारको माननीय मन्त्रीहरु, सांसदहरु, सरकारी उच्च ओहोदाका पदाधिकारीहरु, कुटनीतिक नियोगका सदस्यहरु, व्यापारी, उद्योगपति, लगायत समाजिक क्षेत्रमा प्रतिष्ठित व्यक्तिहरु र नेपाली समुदायका सदस्यहरुलाई आमन्त्रण गरिएको थियो । उक्त अवसरमा स्थानीय स्कूलका "लिटिल एन्जेल्स" वाल कलाकारहरुले नेपाली राष्ट्रिय गान लगायत सांस्कतिक कार्यक्रम प्रस्तुत गरेका थिए । ठूलो संख्यामा उपस्थित सहभागिहरुको उत्साहमा स्वागत कार्यक्रमलाई राष्ट्रिय महत्व प्रदान गर्न गेष्ट अफ अनरको रुपमा नेपाल सरकारका माननीय परराष्ट्र मन्त्री श्री महेन्द्रबहादुर पाण्डेको उपस्थिति थियो भने कोरिया सरकारको तर्फबाट प्रमुख अतिथिमा कोरियाको राष्ट्रिय संसदको अन्र्तराष्ट्रिय सम्वन्ध परिषदका सभापति महामहिम आन होङ्ग-जुन हुनुहुन्थ्यो ।

नेपालको सातौं गणतन्त्र दिवसलाई समेत नेपाल र कोरियाबीचको कुटनीतिक सम्वन्ध स्थापनाको चालिसौं वार्षिकोत्सवलाई संयुक्त रुपमा स्वागत कार्यक्रम आयोजना गरी मनाईएको थियो ।

**नेपाली प्रतिनिधिमण्डलका भ्रमणहरुः**

- कोरियाको विकास प्रयासमा उपलब्ध उल्लेखनीय प्रगतिको "The Best Practices of the Economic Development of the Republic of Korea" विषयमा अध्ययन गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद सचिवालयका सहसचिव श्री घनश्याम उपाध्यायको नेतृत्वमा एक पांच सदस्यीय प्रतिनिधिमण्डलले मार्च २०१४ मा कोरियाको भ्रमण गरेको ।
- "आप्रवासी कामदारहरुको मानवअधिकारको अवस्थाको अनुगमन तथा अध्ययनको लागि नेपालको राष्ट्रिय मानवाधिकार आयोगका अध्यक्ष माननीय न्यायाधिस श्री केदारनाथ उपाध्यायको नेतृत्वमा एक चार सदस्यीय प्रतिनिधिमण्डलले कोरियाको भ्रमण गरेको ।
- पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री वालकृष्ण घिमिरेको नेतृत्वमा एक चार सदस्यीय प्रतिनिधिमण्डलले कोरियाको पर्याय पर्यटनको विकास सम्वन्धमा अध्ययन भ्रमण सम्पन्न गरेको ।
- वैदेशिक रोजगार विभागका महानिर्देशक श्री विनोद के.सी.ले नेतृत्व गरेको एक तीन सदस्यीय प्रतिनिधिमण्डलले कोरियामा नेपाली कामदारहरुको अवस्था अध्ययनको लागि कोरियाको भ्रमण गरेको ।
- श्रम सचिव श्री भोलाप्रसाद शिवाकोटीले नेतृत्व गरेको तीन सदस्यीय प्रतिनिधिमण्डलले कोरियाको भ्रमण गरी रोजगार अनुमति प्रणालीलाई व्यवस्थित गर्न र श्रम सम्झौताको नविकरण गर्ने सम्वन्धमा सम्वन्धित पक्षहरुसंग आपसी छलफल गरी समझदारी निर्माण गर्न सफल भएको ।

**आर्थिक कुटनीति परिचालनः**

- नेपालमा कोरियाको लगानी प्रवर्द्धन गर्ने उद्धेश्यले नेपाल र कोरियाको कुटनीतिक सम्वन्ध स्थापना भएको चालिसौं वर्षको वार्षिकोत्सवको अवसरलाई समेत विविध कार्यक्रम सहित मनाउने सिलसिलामा एउटा तीन-दिवसीय लगानी सेमिनारको आयोजना गरिएको थियो । उक्त सेमिनारमा नेपाल र कोरियाका सम्वन्धित क्षेत्रका विज्ञहरुबाट १६ वटा कार्यपत्रहरु प्रस्तुत गरिएको थियो । सेमिनारमा सहभागिताको लागि नेपालबाट उद्योग मन्त्रालयका सचिव, लगायत उर्जा मन्त्रालय तथा लगानी बोर्डका प्रतिनिधिहरुबाट समेत सहभागिता जनाईएको थियो । सेमिनारको उद्घाटन माननीय परराष्ट्र मन्त्री श्री मोहनबहादुर पाण्डेज्यूबाट भएको थियो । यस किसिमको सेमिनार आयोजनाबाट कोरियाको सम्भावित

लगानीकर्ताहरु माझ नेपालमा लगानीको लागि वतावरण बन्न जाने र नेपाल तथा कोरियाबीच वाणिज्य, व्यापार तथा पर्यटन समेत प्रवर्द्धन हुन जाने अपेक्षा गरिएको छ । उक्त अवसरमा नेपालमा संयुक्त लगानीमा Automobile Assembling Plant स्थापनाको लागि कोरियाको Global Auto Tech Company र नेपालको LTC Pvt. Ltd बीच एक समझदारी पत्रमा हस्ताक्षर समेत गरिएको छ । सिन्धुपाल्चोक जिल्लाको तातोपानी नजिक दुगुनागडीमा मनोरेल स्थापना गर्ने सम्वन्धमा कोरियन कम्पनी दृरिम र दुगुनागडी मनोरेलबीच सहमति गराईएको छ । सेमिनारको दोस्रो दिन र समापन समारोहका दिन कोरियाको ARI Art Company र नेपालीहरुको सुनाखरी ब्याण्डले सांस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरेका थिए ।

- बुसानमा गत २०१३ सेप्टेम्बर ६-९ सम्म भएको 16th Busan International Travel Fair र एशियाड २०१४ को सिलसिलामा Incheon मा २९ नोभेम्बर देखि ०१ डिसेम्बर २०१३ सम्म आयोजना भएको Incheon Tour and Leisure Sports Fair 2013 मा राजदूतावासको सहभागिता रहेको थियो । KoTFA द्वारा आयोजना भएको सो मेलाहरुमा नेपालको पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पुगेको थियो ।
- कोरियाको जिन्जु शहरमा २०१३ नोभेम्बर ६ देखि १० सम्म आयोजना भएको Agrex Fair , Kintex मा नोभेम्बर ८ देखि १० सम्म भएको Global Cultural Festival, 2013, Namyangju मा अक्टोबर १ देखि ६ सम्म भएको Namyangju Slow Food Festival/Yongsan मा अक्टोबर १२ देखि १३ सम्म आयोजना भएको Itaewon Global Village Festival मा राजदूतावासको सक्रिय सहभागिता रहेको थियो । उक्त मेलाहरुमा दूतावासले नेपालमा कृषि क्षेत्रमा लगानी र उक्त क्षेत्रको विकास साथै पर्यटन र संस्कृति सम्वन्धी प्रवर्द्धनात्मक कार्य गरेको थियो ।
- कोरियाका प्रतिष्ठित ठूला उद्योगका उद्योगपतिहरु लगायत ती उद्योगहरुका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरुलाई डिनर कार्यक्रममा आमन्त्रण गरी नेपालको सम्भावित लगानीका क्षेत्रहरुमा कोरियाको प्रतिष्ठित कम्पनीहरुको लगानीको लागि आमन्त्रण गर्दै नेपाल सरकारले अवलम्वन गरेको खुला तथा उदार अर्थतन्त्र र वैदेसिक लगानीको लागि लिएको उदार एवम् लगानीमैत्री नीति सम्वन्धमा विशेष प्रस्तुति गरिएको ।

**सांस्कृतिक तथा सामाजिकः**

- २०७० सालको बडा दशैं पर्वलाई विशेष रुपमा मनाउने सिलसिलामा उक्त अवसरमा नेपाल र कोरियाबीचको आर्थिक तथा सांस्कृतिक सम्वन्धहरुलाई प्रवर्द्धन गर्न विशेष योगदान गर्नुहुने विशिष्ट कोरियन ब्यक्तित्वहरुलाई सम्मान गरिएको थियो । आ.व. २०६९/७० मा लुम्विनीबाट अखण्ड शान्तिदीप कोरियामा ल्याई यहांको दोसुन्सा गुम्बामा स्थायी रुपमा स्थापना गरी नेपाल र कोरियाबीच विद्यमान सांस्कृतिक सम्वन्धलाई कोरियाको समाजमा प्रचार प्रसार गर्न र यसलाई दीगो रुपमा संरक्षण गर्न पुऱ्याईएको योगदानको कदर गर्दै दोसुन्सा गुम्बाको धर्म गुरु सन मुख हेजा लगायत उक्त कार्यमा सहभागिता जनाउनु हुने विशिष्ट व्यक्तिहरुलाई "Letter of Honour" प्रदान गरियो । त्यसैगरी कोरियमा नेपालको पर्यटन प्रवर्द्धन गर्न योगदान गर्नुहुने Dr. Lee In-jeong र प्रख्यात हिमाल आरोही श्री उम होङ्ग गिललाई पनि "Letter of Honour" प्रदान गरियो । नेपाली कामदारहरु दुर्घटना परी ज्यान जोखिममा परेकाहरुको उपचारमा विशेष दक्षता देखाई उपचार प्रदान गरेका चिकित्सकहरुलाई समेत "Letter of Appreciation" प्रदान गरियो । उक्त अवसरमा नेपालबाट कोरियामा आएको मिलिटरी ब्याण्डले राष्ट्र गानहरु लगायत लोक नृत्य प्रस्तुत गरेको थिए ।

- कोरियाको Worldedge नामक गैरसरकारी संस्थाले रसुवा जिल्लाको लाङटाङस्थित भिमसेन निम्न माध्यामिक विद्यालयमा ३००० थान पाठ्यसामग्री निःशुल्क वितरण गर्न, Lifeline Young in Telephone Counselling Centre नामक सामाजिक स्वयमसेवक गैरसरकारी संस्थाले धुलिखेलस्थित Immanuel Secondary School मा स्वास्थ्य परीक्षण तथा उपचार सेवा प्रदान गर्न र औषधिहरु निःशुल्क वितरण गर्न वरिष्ट चिकित्सक तथा नर्सहरु नेपाल पठाउन, साथै Medi-city Daegu Overseas Volunteer Group मार्फत धुलिखेलमा मेडिकल क्याम्प राख्न र आवस्यक औषधि तथा उपकरणहरु निःशुल्क वितरणको लागि आवस्यक सहयोग गरेको ।
- बुद्ध पूर्णिमामा कोरियनहरुले मनाउने राष्ट्रिय पर्व लोटस फेस्टिभलमा नेपाली समुदाय सहितको सहयोगमा बुद्धको जिवनीसंग सम्वन्धित झांकी प्रदर्शन गरेको ।

**श्रम सम्वन्धीः**

- नेपालको राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्यायको नेतृत्वमा आएको एउटा प्रतिनिधिमण्डलले कोरियाको मानव अधिकार आयोगका पदाधिकारीहरुसंग भेटघाट गरी नेपाली महिला तथा नेपाली कामदारहरुको अधिकार संरक्षणमा कोरियाबाट भएका प्रयासहरुको विषयमा छलफल गरेको थियो । साथै वहांहरुले कोरियामा रहेका विभिन्न नेपाली संघसंस्थाहरुका प्रतिनिधिहरु, श्रमिक नेपालीहरु तथा स्थानीय पत्रकारहरु समेतलाई आमन्त्रित गरी दूतावासमा "Human Rights of the Nepalese Migrant Workers" नामक विषयमा एउटा अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरेको थियो । सो क्रममा कामदारहरुले भोग्नु परेको समस्या, मानव अधिकारको अवस्था, समाधानका उपायहरुका वारेमा समेत छलफल गरिएको थियो ।
- नेपाली कामदारहरुको श्रमसंग सम्वन्धित समस्याहरु समाधानको लागि हरसम्भव प्रयासहरु गरिएका छन् । राजदूतावासमा टेलिफोन सम्पर्क मार्फत आफ्नो समश्या दर्ताहरुहरुको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । हाल करिव दैनिक ५ देखि १० वटासम्म श्रमसंग सम्वन्धित समस्याहरु टेलिफोन मार्फत दर्ता हुने गरेको छन् । प्राप्त समश्याहरु उपर तत्काल सम्वन्धित स्थानमा सम्पर्क गरी समाधानको प्रयास गरिएको छ ।
- श्रम सम्वन्धी समस्याहरु न्युनिकरण गर्न एवम् परिआएका समस्याहरु समाधान गर्न राजदूतावासका पदाधिकारीहरुबाट समय समयमा कामदारहरु कार्यरत कार्यस्थलहरुको भ्रमण समेत गर्ने गरिएको छ । यस आर्थिक वर्षमा २५ वटा भन्दा बढी कम्पनीहरुको भ्रमण गरिएका छन् ।
- नेपाली कामदारहरुको समस्या समाधानमा स्थानीय श्रम अदालत, श्रमिक केन्द्र तथा पुलिस थानाहरु सरोकार राख्ने हुन्छन् । नेपाली राजदूतावासका पदाधिकारीहरुले यस्ता निकायहरुसंग घनिष्टतम सम्वन्ध कायम राखेको छ र समय समयमा यी निकायहरुको भ्रमण गरी पदाधिकारीहरुसंग भेटघाट तथा समश्यासंग सम्वन्धित विषयहरुमा छलफल समेत गर्दै आएको छ । यस आर्थिक वर्षमा ३० वटा जिल्लामा श्रम अधिकारीहरुसंग भेटघाट गरी श्रम सम्वन्धी समास्याहरु समाधान गरिएको छ ।
- नेपाली राजदूतावासले श्रम सम्वन्धी विषयहरुमा नेपाली कामदारहरुलाई सल्लाह सुझाव दिने, नेपाली श्रमिकहरुको हकहीत स्थापना तथा संरक्षणको लागि कानूनी सहयोग लगायत अन्य आवस्यक सहयोग प्रदान गर्ने कार्य गर्दै आएको छ ।
- यस अवधिमा समश्यामा परेका ५ जना नेपाली महिलाहरुलाई उद्धार गरिएको छ । र एक जना नेपाली तथा एक जना पुरुष नेपाली कामदारहरुको मानसिक रोगको उपचार गराई रोजगारीमा स्थापित गराईएको छ ।

- दुर्घटनामा परी उपचारको लागि अस्पताल लगिएका कामदारहरुको उचित उपचारको सम्वन्धित चिकित्सक लगायत अस्पतालसंग सहकार्य गरिएको छ । साथै दुर्घटना एवम् अन्य कारणले निधन भएका नेपाली कामदारहरुको शव व्यवस्थापन लगायत विमा रकम प्राप्ति गरी कानूनी हकदारलाई पठाउने कार्य समेत गरिएको छ ।
- मानसिक रोगसंग सम्वन्धित नेपालीहरुको उपचारलाई न्युनतम खर्चमा र उचित उपचार प्रदान गर्न सकियोस् भन्ने अभिप्रायले छोम्बुक सहरको ईयुमसाङस्थित सोमांग अस्पतालसंग नेपाली राजदूतावास र उक्त अस्पतालबीच एक समझदारी गरी आवस्यक उपचारको व्यवस्था मिलाईएको छ ।
- कोरियामा विविध कारणबाट असामयिक रुपमा मृत्यु हुने नेपालीहरुको संख्या बढ्दै गएको सन्दर्भमा त्यसको कारण र रोकथामको लागि अप्नाउन सकिने उपायहरुको सम्वन्धमा सुझाव दिन एउटा अध्ययन कार्यदल गठन गरी उक्त कार्यदलबाट अध्ययन प्रतिवेदन लिईएको ।

**कन्सुलर सम्वन्धी कार्यहरुः**

- नेपाली नागरिकहरुलाई हस्तलिखित राहदानीको सट्टा मेसिन रिडेवल राहदानी उपलब्ध गराउन सहज सेवा प्रदान गर्ने उद्धेस्यले यस आर्थिक वर्षमा कोरियाको जेजु, किम्हे, गिम्पो तथा ख्वाङजु शहरमा घुम्ति शिविरहरु संचालन गरी नेपाली नागरिकहरुलाई राहदानी नविकरण गर्ने कार्यमा सहजिकरण गरेको । उक्त शिवीरहरुबाट ९०२ जना नेपाली नागरिकहरुले राहदानी नविकरणको लागि निवेदन दिएका थिए ।
- नेपाली नागरिकहरुलाई कन्सुलर सेवा लिन सहज होस् भन्ने अभिप्रायले राजदूतावासले समय समयमा सूचना सम्प्रेषण गरी सार्वजनिक विदाको दिन पनि नेपाली राजदूतावास खुला राखी सेवा प्रदान गर्दै आएको ।

**प्रवेशाज्ञा (भिषा) जारीः**

| | | |
|---|---|---|
| १ | १५ दिने | ६,५५१ |
| २ | ३० दिने | ६५६ |
| ३ | ९० दिने | २४८ |
| ४ | निःशुल्क (१० वर्षभन्दा मुनिका नावालक तथा अफिसियल र कूटनीतिक) | ९५ |
| | **जम्मा जारी प्रवेशाज्ञा :** | **७,५५०** |

**राहदानी तथा अन्य**

| | | |
|---|---|---|
| १ | मेशिन रिडेवल राहदानी बितरण | ३,४८१ |
| २ | अस्थायी राहदानी वितरण | ११३ |
| ३ | एकतर्फि यात्रा अनुमतिपत्र जारी | ९४ |
| ४ | कागजात प्रमाणिकरण | ३७८ |

यस आर्थिक वर्षमा जम्मा कोरियन वन **१,२५८,५८७,८२९।-** विभिन्न शीर्षक अन्तर्गत राजस्व आम्दानी भएको छ । गत वर्षको तुलनामा राजस्व प्राप्ति १७४ प्रतिशतले वृद्धि भएको छ ।

**राजश्व आम्दानीको विवरणः**

कोरियन वोनमा

| | | |
|---|---|---|
| १ | राहदानी | ९३७,८८७,५००.०० |
| २ | प्रवेशाज्ञा (भिसा) | ३००,०८५,०००.०० |
| ३ | प्रमाणिकरण | १३,२३०,०००.०० |
| ४ | इात्रा अनुमति पत्र | ५,१७०,०००.०० |
| ५ | एन.आर.एन परिचय पत्र | १,९९६,३७९.०० |
| ६ | ब्याज | २१८,९५०.०० |
| | जम्मा | **१,२५८,५८७,८२९.००** |

यस आ.व. मा ३ जना नेपाली मूलका कोरियाली नागरिकहरुलाई गैर-आवासीय नेपाली परिचयपत्र जारी गरिएको छ ।

नेपाली राजदूतावास
सिओल
श्रावण १२, २०७१